# सबक्लास २०२ प्रबेशाज्ञा (भिसा) धारकहरूका लागि जानकारी

## संक्षिप्त सारांश

तपाईंलाई सबक्लास २०२ (ग्लोबल स्पेशल ह्युमेनिटेरियन) प्रबेशाज्ञा (भिसा) प्रदान गरिएको छ ।

यो प्रबेशाज्ञा (भिसा) प्राप्त गरेपछि, तपाईंले निम्न कार्यहरू गर्न सक्नुहुन्छ:

- अष्ट्रेलियामा स्थायी रूपमा बस्न सक्नुहुन्छ
- अष्ट्रेलियामा काम र अध्ययन गर्न सक्नुहुन्छ
- अष्ट्रेलियाको सार्वजनिक स्वास्थ्य सेवा योजना, मेडिकेयरमा दर्ता गर्न सक्नुहुन्छ
- परिवारका सदस्यहरूका लागि स्थायी बसोबासको लागि प्रस्ताव गर्न सक्नुहुन्छ
- ५ वर्षसम्म अष्ट्रेलिया आउने र जाने गर्न सक्नुहुन्छ।
- यदि तपाईं योग्य हुनुहुन्छ भने, तपाईं अष्ट्रेलियाली नागरिक बन्न सक्नुहुन्छ
- तपाईंले वयस्क आप्रवासी अंग्रेजी कार्यक्रम (Adult Migrant English Program) मार्फत निःशुल्क अंग्रेजी भाषा कक्षाहरूमा सहभागी हुन सक्नुहुन्छ।

यो स्थायी प्रबेशाज्ञा (भिसा) हो । यसले तपाईंलाई अष्ट्रेलियामा स्थायी रूपमा रहन अनुमति दिन्छ। यो प्रबेशाज्ञा (भिसा)मा अष्ट्रेलिया प्रवेश गर्ने दिनमा तपाईं स्थायी बासिन्दा बन्नुहुन्छ। नागरिकता प्रयोजनका लागि, तपाईंको स्थायी बसोबास तपाईं यो प्रबेशाज्ञा (भिसा)मा अष्ट्रेलिया प्रवेश गर्ने दिनबाट सुरु हुन्छ।

## अष्ट्रेलिया यात्रा गर्न

तपाई र तपाईंको प्रस्तावकले यात्रा व्यवस्थापन र बुकिङ गर्नका लागि टोल केस प्रबन्धक (Toll case manager) सँग सम्पर्क गर्न सक्नुहुन्छ। यात्राको खर्च तपाई वा तपाईंको प्रस्तावकको जिम्मेवारी हो।

अष्ट्रेलिया यात्रा गर्नका लागि, तपाईंले अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आईओएम) को प्रिपेड आप्रवासन यात्रा कार्यक्रम मार्फत पनि सहायता प्राप्त गर्न सक्नुहुन्छ। थप जानकारी आईओएमको वेबसाइट https://australia.iom.int/travel-assistance-migration-australia-iom-australia. मा उपलब्ध छ।

तपाइँ वा तपाइँको प्रस्तावकले तपाइँको यात्रा बुकिङको बारेमा विभागलाई जानकारी दिनुपर्छ ताकि तपाइँ अष्ट्रेलियाको यात्रा गर्नु अघि अष्ट्रेलियाली सांस्कृतिक अभिमुखीकरण (एयूएससीओ) (Australian Cultural Orientation) (AUSCO) कार्यक्रममा उपस्थित हुन निमन्त्रणा प्राप्त गर्न र तपाइँ अष्ट्रेलिया आइपुग्दा बसोबास सहायता प्राप्त गर्न सक्नुहुनेछ।

### अष्ट्रेलियन माइग्रेसन स्टेटस (एएमएस) इम्मिकार्ड (Australian Migration Status (AMS) ImmiCard)

अष्ट्रेलियाली सरकारले सबक्लास २०२ र अन्य मानवीय प्रबेशाज्ञा (भिसा) धारकहरूलाई एएमएस इम्मिकार्ड जारी गर्दछ। एएमएस इम्मीकार्ड एक आधिकारिक अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ) -अनुपालन यात्रा दस्तावेज हो। यो एक पहिचान दस्तावेज पनि हो जसलाई तपाईं अष्ट्रेलियामा सरकारी सेवाहरूको लागि आफ्नो योग्यता प्रमाणित गर्न र आफ्नो प्रबेशाज्ञा (भिसा) विवरण जाँच गर्न प्रयोग गर्न सक्नुहुन्छ।

तपाईं आफ्नो इम्मिकार्डलाई अष्ट्रेलियाको एकतर्फी यात्राको लागि आफ्नो आधिकारिक यात्रा दस्तावेजको रूपमा प्रयोग गर्न सक्नुहुनेछ। यसमा मेसिनले पढ्न सक्ने क्षेत्र हुन्छ जसले बायुसेवा कर्मचारीहरूलाई तपाईंको प्रबेशाज्ञा (भिसा) जाँच गर्न सक्षम बनाउँछ। तपाईंले आफ्नो इम्मीकार्ड विमानस्थलमा प्रस्तुत गर्नुपर्छ अन्यथा तपाईं अष्ट्रेलिया यात्रा गर्न सक्षम हुनुहुने छैन। तपाईं अष्ट्रेलिया यात्रा गर्नु अघि टोलले तपाईंलाई तपाईंको इम्मिकार्ड दिनेछ।

यदि तपाइँसँग राहदानी छ र तपाइँ अष्ट्रेलियाको यात्राको लागि प्रयोग गर्न चाहनुहुन्छ भने, तपाइँले हामीलाई यसको बारे जानकारी दिनुपर्छ ताकि हामी तपाइँको राहदानी तपाइँको प्रबेशाज्ञा (भिसा)मा जोड्न सक्छौं। तपाईंको राहदानीको बारेमा जानकारी दिन वा राहदानीको विवरणहरू परिवर्तन गर्न https://immi.homeaffairs.gov.au/change-in-situation/passport-detailsमा हेर्नुहोस्। र 'अपडेट डिटेल्स - वेब फर्म' विकल्प चयन गर्नुहोस्। यदि तपाईंले यसो गर्नुभएन भने, तपाईं अष्ट्रेलियाको यात्रा गर्न सक्षम नहुन सक्नुहुन्छ।

यदि तपाइँ अष्ट्रेलियामा आफ्नो आगमन पछि अष्ट्रेलिया बाहिर यात्रा गर्न चाहनुहुन्छ भने, तपाइँसँग एक वैध राहदानी वा गैर-नागरिक यात्रा दस्तावेज हुनुपर्दछ (अष्ट्रेलियाली राहदानी कार्यालयबाट उपलब्ध) ।

यदि तपाईं आफ्नो प्रबेशाज्ञा (भिसा) जारी भएको मितिबाट ५ वर्षपछि अष्ट्रेलिया यात्रा गर्न र फर्कन चाहनुहुन्छ भने, तपाईंले अष्ट्रेलियाली नागरिक नभएसम्म रेसीडेन्ट रिटर्न प्रबेशाज्ञा (भिसा) (Resident Return visa) आवश्यक पर्छ।

## प्रस्थान गर्नु अघिको स्वास्थ्य परीक्षण

तपाईको टोल केस प्रबन्धकले(Toll case manager) तपाईलाई अष्ट्रेलियाको यात्रा गर्नु अघि ७२ घण्टा भित्र नि:शुल्क स्वास्थ्य जाँच गराउन अनुरोध गर्नेछन्।

तपाईंको प्रस्थान गर्नु अघिको स्वास्थ्य परीक्षणमा निम्न समावेश हुन सक्छन्:

- तपाईं यात्रा गर्न पर्याप्त स्वस्थ हुनुहुन्छ कि हुनुहुन्न भनेर जाँच गर्ने
- शारीरिक परीक्षण
- गर्भावस्था परीक्षण
- संक्रामक रोगहरूको लागि परीक्षण
- आवश्यक भएमा दादुरा, मम्प्स र रुबेला जस्ताका खोपहरू लगाउने
- यदि आवश्यक भएमा परजीवी र संक्रमणको उपचार गर्ने

तपाईं अष्ट्रेलिया पुगेपछि कुनै पनि स्वास्थ्य अवस्थाको लागि चिकित्सा उपचार प्राप्त गर्न सहमत हुनुपर्छ।

## अष्ट्रेलियाली सांस्कृतिक अभिमुखीकरण (एयूएससीओ) (Australian Cultural Orientation) (AUSCO) कार्यक्रम

तपाईंलाई अष्ट्रेलिया यात्रा गर्नु अघि आफ्नो यात्राको बारेमा सल्लाहका लागि AUSCO सत्रहरूमा सहभागी हुन आमन्त्रित गरिनेछ। यी सत्रहरूमा तपाईले अष्ट्रेलियामा बसोबास सेवा, आवास, शिक्षा र रोजगारी सहित अष्ट्रेलियाली जीवनको संक्षिप्त सारांश पाउनुहुनेछ।

AUSCO कार्यक्रमको उद्देश्य निम्न छन्:

- प्रस्थान प्रक्रियाहरूको बारेमा सही जानकारी प्रदान गर्ने
- बसोबास प्रक्रिया र आगमन पछि बसोबास सेवाहरूको बारेमा व्यावहारिक जानकारी प्रदान गर्ने
- अष्ट्रेलियाको जीवनको यथार्थचित्र प्रस्तुत गर्ने
- अष्ट्रेलिया आगमनपछि अंग्रेजी भाषा प्रशिक्षणमा भाग लिन प्रोत्साहित गर्ने

- सहभागीहरूलाई आत्मनिर्भरता हासिल गर्न आवश्यक आधारभूत सीपहरू प्रदान गर्ने
- प्रारम्भिक बसोबासका सरोकारहरू र सांस्कृतिक, सामाजिक र आर्थिक अनुकूलनका विभिन्न चरणहरू समाधान गर्न आवश्यक उपकरणहरूसँग सहभागीहरूलाई सुसज्जित गर्ने। यसमा अष्ट्रेलियाका कानून र मान्यताहरूका बारेमा जानकारी समावेश छन्।

यो ५-दिने कार्यक्रम निःशुल्क छ र ५ वर्षभन्दा माथिका सबै मानवीय प्रबेशाज्ञा (भिसा) धारकहरू सहभागी हुन सक्छन्। यो तपाई अष्ट्रेलिया आउनु अघि त्यहाँको जीवनको बारेमा बुझाउन निर्माण गरिएको हो।

अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आईओएम) लाई विभागको तर्फबाट कार्यक्रम सञ्चालन गर्न सम्झौता गरिएको छ, र उनीहरूले तपाईंलाई AUSCO कक्षामा सहभागी हुन आमन्त्रित गर्न सम्पर्क गर्नेछन्।